# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १७ भदौ २०८२

# मङ्गलवार

# बैठक सङ्ख्या- ४३

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १६:१२ बजे प्रारम्भ भयो।

(१६:१२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, आकस्मिक समय मा बोल्नका लागि माननीय सदस्य माया प्रसाद शर्माबाट समय माग भएको छ। म माननीय सदस्यलाई समय उपलब्ध गराउँछु। समय ३ मिनेट।

(१६:१३ बजे) माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, अस्ति राति आएको अविरल वर्षाको कारण जाजरकोटको छेडाघाट नगरपालिका १ स्थित घाटखोलामा पहिरो गइ छेडाघाट नगरपालिका १ बस्ने बहादुर कामीको १० जना परिवार रहेको दुई तले घर, ऐ.ऐ बस्ने बिरे कामीको ६ जना परिवार रहेको दुई तले घर, झुसे कामीको १२ जना परिवार रहेको दुई तले घर, जसे कामीको १० जना परिवार रहेको दुई तले घरमा

पछाडि बाट पहिरो आइ पूर्ण रूपले क्षति भएकोले निजहरूको अर्को घरमा सारेको भन्ने कुरा आएको छ। सोही पालिकाको १२ नं वडा सिपा चौर बस्ने कर्ण बहादुर नेपालीको अस्थायी टहरो पूर्ण भत्किएको र वडा नं ११ मा बाढी पहिरोले लिलाराम जैशीको पसल लगायत त्यहाँ रहेका पसलहरू भत्किएका छन् र यसरी नै वडा नं ६ स्वानावलीमा पहिरोले घरहरू क्षतविक्षत पारेको स्थिति छ। छेढाघाट नगरपालिका ४ ढार खोला बस्ने कर्ण बहादुर बादीको र काली बहादुर चनाराको टहरा भत्किएकोले त्यहाँ घरभित्र रहेका भाँडावर्तन, आरनको सामाग्री, लत्ताकपडा, अन्नपात समेत नष्ट भएको छ। यसरी यो जुन प्रकारको समस्या आएको छ, यसमा तुरून्त राहत र क्षतिपुर्तिको व्यवस्था सरकारले गरोस् भन्ने कुरा अध्यक्ष मार्फत राख्न चाहन्छु।

अस्ति जुम्लाबाट स्याउ बोकेर २० वटा ट्रक कालिकोटको शुभकालिका गाउँपालिका १ गगने खोलामा गएको पहिरोले अवरुद्ध गरेको छ र करोडौंको स्याउहरुको क्षति हुने अवस्था आएको छ। तुरन्त सडक खुलाउन सरकारले पहल गरोस्। सिम्लाका स्याउ हैन जुम्लाका स्याउको बजार व्यावस्थापन गरोस् र यसको उचित क्षतिपूर्तिको व्यवस्थापन गरोस् भन्ने कुरा अध्यक्ष मार्फत सरकारको ध्यानाकृष्ट गराउन चाहन्छु। धन्यवाद।

(१६:१५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, शून्य समय मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न १/१ मिनेटको समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य घनश्याम रिजाल।

(१६:१५ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, दोलखा जिल्लाको मेलुङ्ग वडा नं ७ ढारिपहिरी बस्तीमा वर्षातको समयमा जमिन भाँसीने र पहिरो जाने, हिउँदमा सुक्खा पहिरो खस्ने समस्या रहेको छ। यस पालिको वर्षाले पनि सो स्थानमा रहेको मोटर बाटो लगायत खेती योग्य जमिनमा नराम्ररी क्षति पुर्‍याएको छ भने सो स्थानमा रहेको पुरै बस्ती पहिरोको जोखिममा परेको छ। म तत्काल पहिरो रोकथामको व्यवस्था गरी यो स्थानमा रहेको खेती योग्य जमिनको संरक्षण र उक्त बस्तीका नागरिकको जीउधनको सुरक्षा गर्न सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु। धन्यवाद।

(१६:१६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य पदम बहादुर परियार।

(१६:१६ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, पृथ्वी राजमार्ग अन्तर्गत घाँसी कुवा देखि कमलबारी खण्डमा दिनहुँ, हप्ताहुँ जस्तो दुर्घटनाहरू भइरहेका छन्। त्यो सडक खण्ड भर्खरै मात्रै स्तर उन्नति भएको छ, निर्माण भएको छ। तर त्यो सडकलाई सुरक्षित तरिकाले बनाउन नसकेको कारणले घाँसी कुवा देखि कमलबारी सम्मको खण्डमा दर्जनौं भन्दा बढि दुर्घटनाहरू भएका छन् र त्यहाँ धनजनको क्षति भएको छ। तसर्थ म सम्माननीय अध्यक्ष महोदय मार्फत त्यो सडक खण्डलाई कसरी सुरक्षित बनाउन सकिन्छ, त्यसलाई कसरी सुरक्षित सडक सिम्बोलहरू राख्न सकिन्छ। त्यो सम्बन्धमा आवश्यक प्रबन्ध के गरेको छ, सम्बन्धित मन्त्रालयले यसको गरेको प्रबन्धहरूको बारेमा सभामा जानकारी होस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१६:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मनरुपा शर्मा।

(१६:१७ बजे) <u>माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:-सम्माननीय अध्यक्ष महोदय, दुग्ध किसानले दशैं अगाडिनै आन्दोलन गर्ने घोषणा गरेका छन्। सरकारलाई चेतावनी दिएका छन्, किनकी बक्यौता रकम किन भुक्तानि गर्दैनन्? सरकार उपभोक्ताले दुध, चिनि, तरकारी, औषधि जस्ता उपभोग्य सामाग्रीहरू क्यास पैसा तिरेरै खाएका हुन्छन् र दूध पनि पैसा तिरेर खाएका छन्। अनि रकम कहाँ जान्छ सरकार? सम्माननीय अध्यक्ष मार्फत सरकारसँग जबाफ माग्न चाहन्छु। र किसानले, शिक्षकले, डाक्टरले, व्यापारीले, सुन पसलेले, कर्मचारीले, सबैले आन्दोलन गर्न पर्ने देखिएको छ। आफ्नो अधिकार लीनको निम्ति र सबै आफूले लगानी गरेको लीनको निम्ति। यो देश आन्दोलनै आन्दोलनको देश भनेर घोषणा हुन्छ कि भन्ने डर लागेको छ, सरकार। धन्यवाद। नमस्कार।

(१६:१८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१६:१८ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, बैतडीको डिलासैनी ३, गिरी बगडमा बिजुलीको हाई टेन्शन लाइन मुनि थुपारेको बालुवामा खेल्न गएको १४ वर्ष किरण कोलीको इलेक्ट्रिक करेन्ट लागेर मृत्यु भएको छ। हाई टेन्शन लाइन मुनि बालुवा कसले थुपाऱ्यो? त्यो थुपार्न मिल्छ कि मिल्दैन? कसको लापर्बाहीले बच्चाको ज्यान गयो? यसको जबाफ सरकारले दिनुपऱ्यो। एक महिना भयो यो घटना भएको। किरण कोलीको आमा न्यायको खोजीमा काठमाडौं आई पुग्नु भएको छ। गृह मन्त्रीजीले पीडितकी आमालाई भेट्नु भयो कि भेट्नु भएन? त्यसको पनि जबाफ चाहियो। नेपालमा गणतन्त्र छ। नेपालमा दलित समुदायकी एकल महिला जसको बच्चाको मृत्यु भएको छ। यो आमाले न्याय पाउनका लागि अब कुन तन्त्र आउनु पर्छ? घटनाको निष्पक्ष छानबिन र पीडितलाई न्यायका लागि म आग्रह गर्न चाहन्छु, सरकारसँग। जो उत्पीडनमा छ, दुःखमा छ, त्यसैलाई सताउने काम भइरहेको छ। गम्भीरतापूर्वक गृह मन्त्रालय र सरकारको ध्यान जाओस् र पीडितले न्याय पाओस् भन्ने आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१६:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१६:१९ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, यातायात व्यवस्था विभागले आगामी असोज १ गते देखि सवारी साधनमा इम्बोस्ड नम्बरको प्लेट अनिवार्य गर्ने निर्णय गरेसँगै नागरिक स्तरबाट चौतर्फी विरोध भएको छ। विरोध हुन थालेपछि फेरी विभागले इम्बोस्ड नम्बर जडान गरे पनि कुनै दण्ड वा जरिवाना नहुने सूचना निकालेको छ। राष्ट्रिय पहिचान माथि यो कस्तो खेलवाड हो? पर्याप्त पूर्वाधारको अभाव, अस्वाभाविक शुल्क, राष्ट्रिय पहिचानको अवमुल्यन, नागरिकको तथ्याङ्क, सुरक्षामाथिको गम्भीर खतरा जस्ता विषय सामान्य होइनन्। पूर्वाधारनै नबनाइ महङ्गो प्रविधि भित्र्याउन खोज्नु ले विभिन्न समूहको स्वार्थसँग जोडिएको ठहर्छ। यो विषय हाम्रो राष्ट्रिय स्वाभिमान, भाषा र नागरिकको गोपनीयतासँग प्रत्यक्ष जोडिएको छ। देवनागरी लिपिमा लेखिदैं आएको नम्बर प्लेटलाई विस्थापित गरि अङ्ग्रेजी भाषा लेख्नु भनेको हाम्रो राष्ट्रिय भाषा र लिपिको ठाडो अवमुल्यन हो भन्ने कुरालाई सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१६:२० बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१६:२० बजे) <u>**माननीय श्री विष्णु कुमारी विश्वकर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, बैतडीको जिल्ला डिलासैनी गा.पा. वडा नं ३ को चमेलीया नदीबाट सुदूरपश्चिमका एक जना जिम्मेवार मन्त्रीले बालुवा थुपारेर, सो स्थानमा करेन्ट लागेर स्थानीयवासी १४ वर्षीय किरण कोलीको मृत्यु भएको छ। मान्छे मार्न वा मर्न वातावरण सृजना गर्ने व्यक्ति वा संस्थालाई अनुसन्धान गरि कार्यवाही गर्न मृतकको आमा एकल महिला राजमति कोली पटक-पटक जिल्ला प्रहरीमा जाहेरी गर्न जाँदा अझै पनि त्यो जाहेरी दर्ता हुन सकेको छैन। हालसम्म जाहेरी दर्ता नहुनाको कारण के हो, किन जाहेरी दर्ता लिएन, किन फर्काइन्छ पटक-पटक? कानुनी शासन, सुशासन र लोकतन्त्रको उपहास नगर्न र पीडितलाई न्याय दिन नेपाल सरकारसँग माग गर्दछु। धन्यवाद।

(१६:२१ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य सावित्री मल्ल।

(१६:२१ बजे) <u>**माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज भदौ १७ गते नेपाली महिलाहरूले पहिलो पटक मताधिकार प्रयोग गर्न पाएको दिनको उपलक्ष्यमा सम्पूर्ण नेपाली महिलाहरूमा हार्दिक शुभकामना। वि.स. २०१० सालमा काठमाडौंमा महिलाहरूको मताधिकार प्रयोग गर्नुको साथै साधना प्रधान अधिकारीज्यू, जनप्रतिनिधिको रूपमा उम्मेदवार भई विजय हुनुभएको थियो। यो दिन नेपाली महिलाहरूको लागि ऐतिहासिक, स्मरणीय दिन हो। स्वर्गीय साधना प्रधान अधिकारीज्यू प्रति उच्च सम्मान सहित नेपाली महिलाहरूलाई यहाँ सम्म पुऱ्याउने उहाँको योगदान प्रति कदर गर्दै यो दिनलाई सम्झिन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले तराईका मदेश प्रदेशका आँठ जिल्लालाई सुक्खा संकट ग्रस्त क्षेत्र घोषणा गरेको भएतापनि मदेश प्रदेशमा अझै खानेपानीको गम्भीर संकट देखिएको छ। धेरै जनसमुदायमा पिउने पानीको समस्या देखिएको छ, जसले गर्दा पिउने पानी मानिसको जीउने जस्तो कुरामा गम्भीर समस्या देखिएको छ। खेतहरू अहिले पनि रोपिएका छैनन्। रोपिएका खेतहरू पनि चारिएका, रिचार्ज भएका छैनन् (......समय सकिएको)।

(१६:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू आजको बैठकमा विशेष समय नरहने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१६:२३ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८२ साल साउन ६ गत बसेको बैठकले प्रतिनिधि सभाबाट पारित भई सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो। यस विधेयक उपर ४३ जना माननीय सदस्यहरूले १९३ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्तावसहित विधेयकमाथि संवत् २०८२ साल भदौ २ गते सैद्धान्तिक छलफल भएको थियो। तत्पश्चात् संशोधन कर्ता माननीय सदस्यहरूसँग समितिले छलफल गरी दफावार छलफल प्रारम्भ गरेको थियो। विधेयकको कार्यसूचीमा भएर समितिका जम्मा १६ वटा बैठक बसेका थिए। प्रस्तुत विधेयकले राज्यको पुनर्संरचना सँगसँगै प्रशासनिक पुनर्संरचना पश्चात् संघीय निजामती सेवा सञ्चालनका लागि कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानुनलाई संघीयता अनुरूप सञ्चालन र व्यवस्थापन गर्नुपर्ने अवस्था र मुलुकको प्रशासनिक प्रणालीलाई शासकीय व्यवस्था अनुरूप सुव्यवस्थित कार्यात्मक र नतिजामुखी बनाई प्रशासनिक संघीयतालाई प्रभावकारी बनाउन संघीय निजामती सेवा ऐन जारी गर्नु पर्ने आवश्यकताको बोध गरेको छ।

निजामती कर्मचारीलाई राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, समावेशी, व्यावसायिक, सहभागिता मूलक, उच्च मनोबलयुक्त, नैतिकवान बनाई राज्यको तर्फबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न संघीय निजामती सेवाको गठन र सञ्चालन र सेवाका सर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्र प्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवा मूलक जन उत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रको रूपमा विकास गर्ने उद्देश्य लिएको छ। समितिका बैठकहरूमा विधेयक प्रस्तोता मन्त्री, संशोधनकर्ता माननीय सदस्यहरू, विधेयक

प्रस्तोता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बद्ध कर्मचारीहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध कर्मचारी लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो। १४७ वटा दफामा रहेको यस विधेयकमा प्रतिवेदनको प्रस्तावना सहित ९८ वटा दफामा संशोधन र १ दफा तथा १ अनुसूची थप गरी विधेयकलाई थप परिमार्जन गरेको छ। प्रतिवेदनले निजामती सेवाका कर्मचारीले आफ्नो काम प्रति व्यावसायिक, निष्ठावान् र प्रतिबद्ध बनाउँदै नीति निर्माण एवम् कार्यान्वयनमा स्वार्थको द्वन्द नहोस् भनि अवकाश भएको मितिले दुई वर्ष सम्म अन्यत्र सेवा गर्न वा कुनै नियुक्ति नपाउने गरी प्रबन्ध गरेको छ। यस विधेयकमाथि भएका छलफलहरूमा सहभागी हुनुको साथै प्रतिवेदन लेखन समेतमा सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा संवत् २०८२ साल भदौ १७ गते पारित संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेस गर्दछु। धन्यवाद।

(१६:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:२७ बजे) **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमति लिई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि बिचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि बिचार गरियोस् भन्ने प्रस्तावमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ। विधेयकका सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। छलफलमा भाग लीन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेटभित्र उपलब्ध गराई दिन हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय

सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१६:२८ बजे) **माननीय श्री गोपी बहादुर सार्की अछामी (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि बिचार गरियोस् भन्ने जुन प्रतिवेदन सहितको यो विधेयक राष्ट्रिय सभामा आएको छ। हुनत यो विधेयककै बारेमा अध्यादेश मार्फत पनि यो समस्या हल गर्नुपर्छ भनेर सरकारले पहिला जमर्को नगरेको होइन। राष्ट्रिय राजनीतिक पार्टीहरूको बीचमा र सदनमै सहमति हुन नसक्दा खेरी र परिस्थिति अनुकूल नहुँदा खेरी यो सरकारले प्रतिनिधि सभामा विधेयकको रूपमा टेबुल गरीकन फेरी समितिमा पनि छलफल गरेर यो जुन प्रतिवेदन सहित आएको विधेयक छ, यो अलिकति दुई तीनवटा कोणबाट यसलाई ठिकै पनि भन्न सकिन्छ। जस्तै दलित, सुकुम्वासीहरूको समस्या हल गर्ने हिसाबले हेर्ने हो भने। भूमिहीन दलितहरूको समस्या हल गर्ने हिसाबले हेर्ने हो भनेदेखि यसलाई हामी सकारात्मक रूपमा पनि लीन सक्छौं। यो आवश्यकता पनि छ। तर के छ भने यो अलिकति केही मुठ्ठीभर बिचौलियाको स्वार्थसँग जोडिएको र उनीहरूको हितको लागि सोचिएको होकी भन्ने यो व्यापक रूपमा बाहिर पनि र सदनभित्र पनि एउटा छलफल बहसको विषय भएको कारणले गर्दा खेरी यो प्रतिवेदन सहित आएको विधेयक भएपनि मलाई के लाग्छ भनेदेखि यसको छलफलको व्यापकताको आवश्यकता छ। त्यसकारणले गर्दा खेरी यो विधेयक राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा लगिनु पर्छ र त्यहाँ साङ्गो-पाङ्गो अध्ययन, छलफल, बहस, विज्ञ, विशेषज्ञ र सरोकारवाला सहितको राय सुझावलाई लिएर अगाडि बढाइनुपर्छ। किनभने यस्ता कुराहरू अली धेरै विवादित हुने गरेका छन्। र यस्ता कुराहरू अली स्वार्थ प्रेरित हुने गरेका छन् भन्ने कुरालाई पनि मध्यनजर गर्दै यसलाई छलफल र व्यापक परिमार्जन सहित अगाडि बढ्नको निम्ति विधायन व्यवस्थापन समितिमा लगियोस् भन्ने मेरो सुझाव सहित मेरो भनाई अन्त्य गर्न चाहन्छु। हवस् त अभिवादन। नमस्ते।

(१६:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य घनश्याम रिजाल।

(१६:३० बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयकमाथि म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु। अध्यक्ष महोदय, हाम्रो संविधानको धारा २५ मा सम्पतिको हक, धारा ३७ मा नागरिकलाई उपयुक्त आवासको हक, धारा ४० मा भूमिहीन दलितलाई कृषि योग्य जमिन र आवासको हक र धारा ४२ मा प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँचको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था बमोजिम मौलिक हकको कार्यान्वयनका लागि स्पष्ट ऐन, कानुनको व्यवस्था गरेर जानुपर्ने आजको आवश्यकता हो। तर सरकारले यो सदनमा पेस गरेको विधेयकको उद्देश्य र कारणको पहिलो हरफमा नै घरजग्गा व्यवसाय गर्ने कम्पनीले हदबन्दी भन्दा बढी जग्गामा घर तथा अपार्टमेन्ट निर्माण नगरी बिक्री गर्न छुट दिने विवादित विषय राखिएको छ। कृषि उद्योग लगायतका नाममा हदबन्दी भन्दा बढी जग्गा राखेकालाई घर वा अपार्टमेन्ट बनाएर बेच्न दिने गरी २०७६ मा भूमि ऐनको आठौं संशोधन गरेर शुरू गरिएको थियो भने केही नेपाल ऐनले पनि संशोधनमा विवादित व्यवस्थाको सिलसिला थपेको थियो। माथि उल्लेखित व्यवस्थाको सिलसिलालाई दुई संशोधनलाई पूर्णता दिने गरी यो ऐन आएको आशंका जन्माएको छ। सरकारको नाममा पर्याप्त सार्वजनिक जग्गा हुँदाहुँदै पनि वनक्षेत्रको जग्गालाई सरकारको नाममा ल्याएर वितरण गर्ने विवादित विषय यो विधेयकमा प्रस्ताव गरिएको छ। अध्यक्ष महोदय, भूमिहीन दलित, सुकुम्वासीलाई संविधानले व्यवस्था गरे अनुसार जमिन र आवास उपलब्ध गराउने प्रावधान सही भएपनि भूमिहीन कति छन्, सुकुम्वासी कति हुन्, अव्यवस्थित बसोबास गर्नेको सङ्ख्या कति छ, यसको कुनै तथ्याङ्क सरकारले पेस गरेको छैन। काठमाडौं लगायत अन्य ठूला सहरमा, नदि किनारा लगायत ठाउँमा अव्यवस्थित रूपले बसिरहेका सुकुम्वासी हुन् कि होइनन्? हुन् भने त्यसको आधिकारिक तथ्याङ्क कति हो? यी र यस्ता विवादित विषयको निरूपण नगरीकन गरिने वितरणले दीर्घकालीन समस्या समाधान नगर्ने र नीतिगत कमजोरी कायम रहने हुँदा दफावार छलफलको क्रममा यस्ता विषयमा यो गरिमामय सदनले ध्यान दिने छ भन्ने विश्वास व्यक्त गर्दै म आफ्नो भनाइ अन्त्य गर्दछु। धन्यवाद।

(१६:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१६:३३ बजे) **माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, व्यापक बहसको केन्द्रविन्दुमा रहेको सार्वजनिक क्षेत्र मिडिया र सामाजिक सञ्जालमा पक्ष र विपक्षमा प्रशस्तै समर्थन र विरोध भइरहेको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक अन्ततः प्रतिनिधि सभामा पेस भएर त्यहाँ संशोधन सहित अहिले यस राष्ट्रिय सभामा पेस भएको छ। अध्यक्ष महोदय, नेपालको जमिन आम नागरिकको अस्तित्व, जीवनयापन, बास र आत्म सम्मान गाँसिएको छ। यसैले भूमि सम्बन्धी समस्या र भूमि सुधारको विषय हरेक निर्वाचनमा सबै राजनीतिक दलहरूको विषय बन्ने गरेको छ र आ-आफ्नो घोषणा पत्रहरूमा राख्दै पनि आएका छन्। तर यो विषय कागजको पानामा मात्र सीमित छ। भाषणमा सुनिन्छ तर समस्या भने अहिलेसम्म ज्यूँका त्यूँ छ। यसैले अहिले जुन यो संशोधन आएको छ, यो नेपाल भूमि सुधार ऐनको २०२१ को १७औं पटक अहिले यो संशोधन हुँदै छ। समस्या समाधान नभएका कारण यो अहिले १७औं पटक पनि अझै विवादकै केन्द्रबिन्दुमा छ। यो प्रतिनिधि सभा पनि निकै वाद-विवाद, बहस र छलफल भएपनि यो बहुमतकै आधारमा पारित भएर यहाँ आएको छ। र मलाई लाग्छ यसका केही प्रावधानहरू अलिकति विवादित थिए। प्रतिनिधि सभामा यो भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासको विषयमा उठेका विवादहरू, प्रश्नहरूमा त्यहाँ केही संशोधनहरू भए। त्यो संशोधनलाई स्वीकार गरेर, परिमार्जित भएर यो विधेयक अझ परिष्कृत भएर पनि आएको छ भन्ने मलाई लाग्छ। र यो वास्तवमा नेपालको सन्दर्भमा २००७ साल पछि भएका सबै परिवर्तनहरूले अहिलेसम्म सम्बोधन गर्न नसकेको, नगरेको यो भूमिहीन दलितलाई एक-पटकका लागि जग्गा उपलब्ध गराउने जुन महत्वपूर्ण विषय छ, यो संशोधनले समेटेको छ त्यसकारण यसका अरू बाँकी केही विवादहरू छन् भने व्यापक छलफल गरौं, बहस गरौं, यसलाई गम्भीरतापूर्वक सूक्ष्म अध्ययन गरौं र प्रतिनिधि सभामा यो सर्वसम्मत हुन नसके पनि राष्ट्रिय सभामा विपक्षी दलहरू हुने साथीहरू, माननीयज्यूहरूसँग बसेर यसलाई एक-पटक फेरी एकमतका साथ राष्ट्रिय सभाबाट सन्देश दिउँ। यो एउटा राजनीतिक दलको मात्रै समस्या होइन, यो राष्ट्रिय समस्या हो। यो राष्ट्रिय समस्यालाई हामी यो राष्ट्रिय सभाका सबै माननीयहरू एक हुन्छौं भन्ने सन्देश दिएर यो पास गर्नको लागि हामी सबै एकमत होउँ भन्ने पनि म अनुरोध गर्दछु र यसका बाँकी विषयहरू छलफलमा अझ उठ्नेछन्। यति भन्दै मेरो भनाई यहीं राख्छु। धन्यवाद। नमस्कार।

(१६:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१६:३६ बजे) **मानननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकले २०२१ मा बनेको ऐनलाई संशोधन गरी भूमि सम्बन्धी जटिलतालाई सम्बोधन गर्ने उद्देश्य लिएको छ। विगतका कानुनहरू ऐतिहासिक परिस्थिति, सामन्तवादी संरचना, कृषि प्रदान समाजको समयमा आवश्यकता अनुसार बनेका र कानुनले धेरै जटिलता, ढिला-सुस्ती प्रक्रिया र बेथितियुक्त रहेका थिए। त्यसलाई वर्तमान समयसँगै भूमि सम्बन्धी अधिकार, उपयोग, स्वामित्व, लगानी, व्यवस्थापन र संरक्षणका विषयहरूमा नयाँ चुनौती र अवसरहरू उत्पन्न भएका छन्। संविधानको भावना अनुसार नागरिकलाई समान अवसर, कृषि उत्पादनमा वृद्धि, आवासको अधिकार, पर्यावरणीय संरक्षण, लगानी मैत्री वातावरण र सामाजिक न्याय सुनिश्चित गर्ने रहेको हुँदा यी सबैलाई सम्बोधन गर्न आवश्यक थियो। सोही अनुसार भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ को स्वागत र समर्थन गर्दछु। हाल कृषि योग्य जमिनमा गैर कृषि प्रयोजन, बस्ती विस्तार, अनियन्त्रित प्लटिङ्गले कृषि उत्पादन घटाइरहेको र संविधानले आवास र जमिनमा नागरिकलाई पहुँचको अधिकार दिएको भए पनि व्यवहारमा अझै लाखौं जनता भूमिहीन अवस्थामा रहेका, जग्गा विवाद, कित्ताकाट, जग्गा अतिक्रमण, नक्कली दर्ता लगायत मुद्दाहरू अदालतमा थुप्रिएका छन्। यसलाई सम्बोधन गर्न समय सापेक्ष स्पष्ट कानुन आवश्यकतालाई यस विधेयकले सम्बोधन गर्ने छ। यो विधेयकले भूमि स्वामित्व, दर्तामा डिजिटल प्रणाली लागू गरी मालपोत दर्ता सुरक्षित बनाउनेछ। कृषि योग्य, आवास योग्य, औद्योगिक, पर्यावरणीय, पर्यटन, सार्वजनिक उपयोगका आधारमा भूमिको वर्गीकरण गर्ने छ। साथै सुकुमबासीको हक सुनिश्चित गर्ने छ। कृषि उत्पादनमा प्रोत्साहन हुने छ। जग्गा सट्टा साटो कित्ताकाटमा कडाइ हुने छ। अतिक्रमण नियन्त्रण हुने छ। यसले गर्दा नागरिकलाई सामाजिक न्याय प्राप्त हुने छ। भूमिको सही उपयोगले उत्पादन बढ्ने, लगानीमैत्री वातावरण बन्ने, राजस्वमा वृद्धि हुनसक्छ। अनियन्त्रित कित्ताकाट, बस्ती विस्तार रोकिदा वातावरणीय सन्तुलनमा योगदान पुग्न सक्दछ। भूमिहीन सुकुमबासी र सीमान्तकृत समुदायलाई सम्बोधन गर्दा लोकतन्त्र बलियो बन्दछ। कृषि, पर्यटन, उद्योग, सहरीकरण सबै क्षेत्रमा व्यवस्थित आधार तयार हुन्छ। यस विधेयकले भूमि व्यवस्थापनमा पारदर्शीता, सामाजिक न्याय, उत्पादनशीलता बढाउने अवसर दिन्छ। तथापि यस भित्र केही सवालहरू पनि रहेका छन्। सहर वरपरका खुला जमिनमा आवासीय व्यवसायिक उपयोगमा लाग्दा हरित क्षेत्र, वन क्षेत्र, नदी किनारमा अतिक्रमण बढ्ने र खराब नियत अदूरदर्शी कार्यान्वयन, राजनीतिकरण र कृषियोग्य जमिनमा स्वार्थवश खण्डीकरण

भएमा दीर्घकालीन रूपमा गम्भीर असर पर्न सक्दछ। सुकुमबासीहरूले प्राप्त गरेको जग्गा बिक्री वितरण गर्ने (......समय सकिएको।)

(१६:३९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य मोहम्मद खालिद।

(१६:३९ बजे) माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल):- सम्माननीय अध्यक्षज्यू, सबैभन्दा पहिला म यो विधेयक यहाँ आउनु पर्नेमा म आपत्ति प्रकट गर्न चाहन्छु। किनभने संविधानको अनुसूची ६ अनुसार भूमि व्यवस्थापन, जग्गाको अभिलेख प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्दछ। यो अधिकार हनन हो। यो संघीयताको मर्म विपरीत हो। त्यसैले गर्दा यहाँ आउनुमा नै प्रश्न छ। अर्को कुरो सुकुम्वासीहरूको जुन समस्या छ, त्यो अहिलेको मौजुदा भूमि सम्बन्धी ऐन, २०२१ ८औं संशोधन, २०७६ बाट नै वास्तविक सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्न सकिन्छ भन्ने मान्यता हो। अर्को तिर यदि यो विधेयक पारित हुन्छ भने, हुबहु पारित भएमा वन विनाश भई पर्यावरण र जैविक विविधता नष्ट हुनका साथ तराइ, मधेशमा अत्याधिक जनसङ्ख्या वृद्धि भई आन्तरिक द्वन्द सृजना हुन्छ। मधेशमा रैथाने मधेशी, आदिवासी थारू, मुस्लिम लगायतलाई अल्पसङ्ख्यक बनाउँछ, अल्पमतमा पार्दै लैजान्छ। यो विधेयक बिचौलियाहरूको स्वार्थ पूर्तिको लागि आएको बाहिर व्यापक चर्चा छ। त्यसमा सबै दलहरूसँग व्यापक छलफल गर्नुपर्थ्यो। मलाई त आश्चर्य छ, सत्ता पक्षका माननीय सांसदहरूले नै विरोध गरिरहेका थिए, यो विषयमा। फेरी एक्कासि यस्तो के भयो कि उनीहरूले पास पनि गरे, समर्थन पनि गरे। सम्माननीय अध्यक्षज्यू, यो मधेशमा विशेष गरी त्यहाँ चिन्ताको विषय हो यो भूमि विधेयक। अहिले त्यहाँ पर्यावरणको जुन अवस्था छ, चुरेको जुन अवस्था छ, पानीको सतह जुन घट्दै गइरहेको छ। यो अव्यवस्थित बसोबासको नाममा कम्पनीहरूलाई लगेर खडा गर्ने, वनको विनाश गर्ने, नियम विपरीत जाने। यो विधेयक बाट जुन मनसाय र अभिप्राय हामीले देखिरहेका छौं। त्यसलाई हेरेर मधेशमा व्यापक असंतोष पाइएको छ। त्यसलाई सम्बोधन गर्न राज्यलाई जरुरी छ, जरुरी देखिन्छ। विधायन समितिमा पठाउनै पर्छ। सबैभन्दा राम्रो सरकारले यो विधेयक फिर्ता लियोस् भन्ने मेरो आग्रह छ। धन्यवाद।

(१६:४२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य जग प्रसाद शर्मा।

(१६:४२ बजे) <u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, हामी भूमि सम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको विधेयक, २०८२ को सैद्धान्तिक छलफलमा छौं। यो संविधानले व्यवस्था गरे अनुसार संविधानको धारा २५ मा सम्पतिको हकमा एकदम सुन्दर व्याख्या गरेको छ, संविधानमा। त्यस्तै धारा ३७ मा आवासीय हकको एउटा सुन्दर व्याख्या गरेको छ, धारा ४० मा दलितहरूको भुमिहीन सम्बन्धीको हकलाई त्यस्तै गरी व्याख्या गरेको छ र धारा ५१ मा कृषि भूमि सुधार सम्बन्धीको नीतिलाई यसले संविधानमा सुन्दर ढङ्गले व्याख्या गरेको छ। तर कानुनको अभावका कारण यो दस वर्षसम्म यो अगाडि बढ्न सकेको थिएन। यो भूमि सम्बन्धीको कानुन अगाडी ल्याउँदा,यो विधेयक अगाडी ल्याउँदा एउटा सकारात्मक कुरा त हो तर हाम्रो देशको सन्दर्भमा भूमिको समस्या सर्वाधिक ठूलो समस्या हो। यसलाई सहि र वैज्ञानिक खालको कानुन नबनाईकन हामीले ठीक ढङ्गले हल गर्न सक्दैनौं। यसले समस्या हल गर्ने भन्दा पनि समस्या झन् बल्झ्याउने तिर लान पनि सक्छ, यो आशंका पनि त्यतिकै छ। यो विधेयकमा एउटा सरकारले सकारात्मक मनसायका साथ अगाडि ल्याएको र यसलाई आवश्यक, यो विधेयक सरसरती हेर्दा खेरी यसमा थुप्रै यसलाई पारित गर्न सकिने, अगाडि बढाउने सकिने अवस्था छैन, जो पूर्ववक्ता माननीयहरूले पनि यहाँ राख्नुभएको छ। यसलाई आवश्यक धेरै संशोधन गर्न, आवश्यक परे मन्त्रीज्यू यही हुनुहुन्छ, यसलाई पुनर्लेखन गर्न तयार हुनुहुन्छ कि हुनुहुन्न? त्यो एउटा प्रतिबद्धता र त्यो प्रसङ्गमा मन्त्रीज्यूलाई यहाँ सोधन चाहन्छु। त्यो स्पिरिटमा जाँदाखेरि यसलाई हामीले ठीक ढङ्गले अगाडि बढाउन सक्छौं र लैजान सक्छौं। किनकी यसले सुकुमबासीको हकको कुरा उठाएको छ, भूमिहीन दलितको कुरा उठाएको छ। यो कानुनले त्यो हल गर्ने वाला छ। र विगतमा बनेका सबै कानुनहरूलाई एकीकृत गरेर यसलाई कानुन बनाउने एउटा स्पीडमा ल्याउन, देखाउन जे खोजिएको छ। कुरो सुन्दा-हेर्दा सकारात्मक, स्वागत योग्य तर यसको सारतत्वमा जाँदा यो विधेयकमा अलि बिचौलिया, भू-माफिया, सुकुमबासी होइन हुकुम बासीहरूलाई अलि प्रायोरिटी दिएको जस्तो देखिन्छ। यो समग्रमा आवश्यक पर्दाखेरि पुनर्लेखन गर्न समेत मन्त्रीज्यू तयार हुनुहुन्छ कि हुनुहुन्न? यो प्रश्न म राख्न चाहन्छु। धन्यवाद।

(१६:४५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१६:४५ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा प्रतिनिधि सभाबाट व्यापक छलफल भएर विभिन्न संशोधनहरू मार्फत राष्ट्रिय सभामा पुगेको छ। म यसको स्वागत गर्दछु। यो विधेयकको मूल उद्देश्य भनेको भूमिहीन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गरी सकभर उनीहरूले र उपभोग गरेको जग्गानै उपलब्ध गराउने हो। तर यदि अव्यवस्थित बसोबासीहरूलाई उनीहरू बसेको जमिन कतिपय कारणले सुरक्षित नभएको, उक्त जमिन उनीहरूलाई दिँदा अन्य सरकारी र गैरसरकारी क्षेत्रमा समेत असर पर्ने भएमा एउटा समय सिमा भित्र उनीहरूको बसोबासको व्यवस्था मिलाउनु नै विधेयकको धारणा छ। यो विधेयक कार्यान्वयन गर्न भूमिसम्बन्धी ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र वन ऐनमा समेत संशोधन गर्नुपर्ने प्रस्ताव छ। खास कारण के पनि छ भने १० वर्ष, २० वर्ष, ३० वर्ष, ४० वर्ष, अझ अधिक वर्षदेखि बसोबास गर्दै आएका नेपाली नागरिकहरूलाई थाई समाधानको व्यवस्था गर्न आवश्यक थियो, छ र रहने छ। यो विधेयक ल्याउन सरकारलाई ज्यादै हतार पनि थियो। छिटो समस्या समाधान गर्ने पवित्र उद्देश्य लिएर अध्यादेश मार्फत नै विधेयक अगाडि सार्न प्रयास भएको थियो। राष्ट्रपति कार्यालयबाट केही विभागीय प्रावधानहरू भए जस्तो लागेर रोक लगाएको थियो र विधेयकमा केही सुधार सहित संसदमा पेस गरिएको हो। अझै पनि विरोधको लागि विरोध हो वा विधेयकभित्र पनि कमी देखिएको कारण हो। विपक्षीहरूले भू-माफियाको हितमा बनाइएको आरोप लगाएका छन्। अर्को आरोप गिरीबन्धु टी-स्टेटको सन्दर्भमा सर्वोच्च अदालतको निर्णय पुनः स्थापित नहुँदै पुनः त्यस्तै सुविधा दिने प्रावधान ल्याउने प्रयास गरेको आरोप पनि परेको छ। विधेयकका लूपहोलबाट छिनेर कहि राष्ट्रिय निकुञ्ज, वनक्षेत्र र नदी किनार जस्ता संवेदनशील ठाउँहरूलाई वैधानिकता दिने काममा सतर्कता भई रहन पर्ने पनि देखिन्छ। तसर्थ हामीले विरोधीहरूले भनेको भू-माफियाको लागि वैधानिक सुरक्षा दिने ऐन त बन्दैन भन्ने चिन्ता जनाएका छन्। सरकारले यस्तो काम हुँदैन भनि ढाडस दिन जरुरी छ। धन्यवाद।

(१६:४७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१६:४७ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, यो भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्नको लागि जुन विधेयक बनेको छ। म के स्मरण गर्न चाहन्छु भने अध्यादेश मार्फत पनि यी प्रावधान सहितको

यो भूमि सम्बन्धी अध्यादेश आएको थियो र सम्माननीय राष्ट्रपतिज्यूबाट यो अस्वीकृत भएको कुरा हामी सबैलाई थाहा छ। र मलाई यो अध्यादेश सरसरती हर्दा खेरी के लाग्छ भन्दाखेरी जुन कारणले सम्माननीय राष्ट्रपतिज्यूले यसलाई फिर्ता पठाउनु भएको थियो। ती प्रावधानहरू त फेरी यो विधेयकमा छन् जस्तो लाग्छ। छन् कि छैनन् मेरो यसमा जिज्ञासा पनि रहेको छ। यो भूमिहीन सुकुम्वासीको व्यवस्थापनको लागि ल्याइएको भन्ने सरकारको यसमा जिकिर छ। तर मलाई के लाग्छ भन्दा खेरी यहाँ भित्र भएका प्रावधानहरूलाई हेर्दाखेरि यो त भू माफियाहरू, जग्गा दलालहरूको लागि ल्याइएको होकी भन्ने जस्तो लाग्छ। यस कारणले गर्दा खेरी यसमा धेरै कुरा लुकेको छ भन्ने छ। बाहिर त यतिसम्म भन्छन् कि यो कानुनको खोलमा लुकेको नीतिगत खेल हो, भन्ने ढङ्गले पनि कुराहरू आइरहेको छ। यो होकी जस्तो पनि लाग्छ। किनभने यो संसदीय प्रक्रियामा जुन हतारो देखिएको छ नि त्यसले गर्दाखेरि उब्जेका शंकाहरू ठिकै होकी जस्तो पनि मलाई लाग्छ।

अब यो निकुञ्ज, वन क्षेत्र, बुट्यान क्षेत्रको जुन जग्गाहरूको पुनर्नक्साङ्कन गर्ने कुराहरू छ, अब यसले वास्तवमा भन्ने हो भने यो वातावरण सम्बन्धी चुनौती छ। यसमा झन् त्यो चुनौती थप्छ। जसरी अहिले मधेश मरुभूमिमा परिणत भइरहेको छ, पानीको हाहाकार जुन भइरहेको छ। यस्तै गरी हामी अगाडि जाने हो भनेदेखि त वातावरणको क्षेत्रमा ठूलो नकारात्मक असर पुऱ्याउँछ भन्ने मलाई लाग्छ। यो वातावरण संरक्षणको हिसाबले पनि यो व्यवस्था हित विपरीत छ र यो गुठी जग्गा, सरकारी जग्गा, सार्वजनिक जग्गाहरूको दुरुपयोग हुने म्याक्सिमम्, अधिकतम सम्भावना यो विधेयकले देखाउँछ। अब यसमा कम्पनी, उद्योगहरूलाई जुन हदबन्दी छूटको जग्गा सट्टा-पट्टा गर्ने, बेच्ने खालको जुन यसमा व्यवस्था भएर आएको छ यसले ठूलो सामाजिक र आर्थिक क्षेत्रमा यसले असन्तुलन ल्याउँछ भन्ने मलाई लाग्छ। यो सुकुमबासीको, गरिबको हितमा छैन। पर्यावरणको हितमा छैन। यो माफिया र दलालहरूको हितमा छ भन्ने कुरा लाग्छ। त्यसकारणले यसलाई पुनर्विचार गर्नुपर्छ, पुनर्लेखन गर्नु पर्छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१६:५० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपाल भट्टराई।

(१६:५० बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा छौं हामी। खास गरेर यो लामो समयदेखि भूमिहीन सुकुमबासी, दलित लगायतहरूलाई

एक पटक भूमिको मालिक बनाउने अथवा उनीहरूलाई जग्गा उपलब्ध गराउने जुन कुरा छ, प्रमुख कुरा यो विधेयकले यही कुरालाई बोकेको छ। धेरै वर्षदेखि हामीले भूमिहीन सुकुमबासीको व्यवस्थापन गर्ने राजनीतिक नारा लगाउने, यसलाई नियमन गरेर टुङ्गो लगाउने कुरामा हामी सहमत कहिल्यै नहुने। यो खालको परिस्थिति, अहिले सम्मको परिस्थिति यही हो। त्यसो भएको हुनाले यो विधेयकले त्यो समस्या समाधान गर्छ। अब यता विभिन्न खालका रियल स्टेटहरू आदि इत्यादिलाई संरक्षण नगर्ने हो भने कहाँ हुन्छ भनेर नारा लगाउनेहरूले नै फेरी यसमा विरोध गरिरहेका छन्। यस्तो खालको परिस्थिति छ। त्यसो भएर यो विरोधले अब काम गर्दैन र यो विधेयकलाई अगाडि बढाएर, यसलाई नियमन गरेर अगाडि जाने कुरानै प्रमुख कुरा हो भन्ने मलाई लाग्छ। मलाई थाहा छ २५/२६ सालदेखि वन क्षेत्र भनेर रोकिएको, त्यो भन्दा पहिलेदेखि जग्गा आबादी गरेर बसेका मान्छेहरू तिनलाई त्यो वन क्षेत्र रोक्ने हो भने उनीहरूको बास उठ्ने स्थिति छ। त्यसो भएर त्यो आबादी जग्गा हो, लामो समय देखि आबादी छ तर त्यो वन क्षेत्र भनेर वन क्षेत्र डिमार्केशन भित्र छ। त्यसो भएर यसलाई वन ऐन संशोधन गरेर त्यही खालका जमिनहरू अव्यवस्थित बसोबासी जोतभोग गरेकाहरूलाई त्यहाँ नदिने हो भने त्यो समस्या जटिल भइरहेको छ। अर्कोतिर दलित र भूमिहीनहरूको समस्या ज्यूँका त्यूँ छ। त्यसो भएर यी सबै कुरा समाधान गर्नको निम्ति यो विधेयक सक्षम हुन्छ। यसलाई अझै परिष्कृत गर्नुपर्छ भने छलफल गरौं। छलफल गरेर यसलाई परिष्कृत गरेर पारित गरौं र यो समस्या दीर्घकालीन रूपमा समाधान गर्नको निम्ति अगाडि बढौं भन्दै मेरा भनाइहरू यही अन्त्य गर्छु। धन्यवाद।

(१६:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१६:५३ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामीले भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गरिरहेका छौं। यो सैद्धान्तिक छलफलमा मलाई के लाग्छ भने यो धर्तीमा धरतीपुत्रहरू कोही जमिनदार हुने, कोही भूमिपति हुने, कोही सुकुम्वासी हुने र उसले बस्ने ठाउँ पनि नपाउने। यसैलाई मध्यनजर गरेर यो विधेयक आएको हुनुपर्छ र वास्तवमा त्यो समस्यालाई समाधान गर्ने गरेर आए जस्तो देखिराखेको छैन। किनभन्दा कति राम्रो कुरा, कति मीठो कुरा यो आवासविहीन, जमिनविहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरू। यो समस्या कहिल्यै समाधान भइरहेको छैन, नेपालमा। यही किसिमको हाम्रो प्रवृत्ति, चिन्तनले अझै पनि हल हुँदैन। सायद यो कानुन बनाएर

पनि हल हुन्छ कि हुँदैन? अब हेर्न पर्ला, केही हल हुन्छ कि? यो अवस्था छ र त्यसैको कभरभित्र, यीनैलाई देखाएर त्यो कभरभित्र फेरी बिचौलियाहरू, यो जग्गा दलालहरू, त्यस्ता मान्छेले भइरहेको पट्टिजग्गा, वनका जग्गा भनेर त्यसलाई नियन्त्रण नगरीकन वास्तवमा त्यी सुकुमबासीहरूले त्यी जग्गा पाउन्। त्यी अव्यवस्थितहरूले जग्गा पाउन। त्यस्तो स्थिति सृजना गर्ने अपेक्षाका साथ यसलाई गम्भीर रूपले बहस गर्न आवश्यक छ, छलफल गर्न आवश्यक छ र वास्तविक भूमिहीनहरूले जग्गा पाउने गरेर एउटा बहस छलफल गर्न आवश्यक छ र त्यसको सार्थकता हुनेछ। नत्र हुँदि सार्थकता विहीन नबनोस् भन्ने अपेक्षाका साथ मैले  पक्षमायीनै कुरा राख्दै बिदा मागे। धन्यवाद।

(१६:५६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पदम बहादुर परियार।

(१६:५६ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट प्रतिवेदन सहित आएको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सन्दर्भमा हामी सैद्धान्तिक छलफलमा छौं। सम्माननीय अध्यक्ष महोदय भूमि, जग्गा जे भने पनि अहिले मात्र होइन, कालान्तरदेखि त्यो मानव सभ्यताको, त्यो मानिसको विकासको एउटा प्रमुख सूचक, मान्छेको समृद्धिको प्रमुख आधारको रूपमा भूमिलाई लिइन्छ। तर दुःख को कुरा नेपालका लाखौं नागरिकहरूसँग अहिले पनि भूमि छैन भने केही मुठ्ठीभर मान्छेहरूसँग रोपनी, बिगाहका बिगाह भूमिहरू छन् र यसले गर्दाखेरी नेपालको असन्तुलित विकासलाई यसले सहयोग पुऱ्याइरहेको सन्दर्भमा र धेरै अगाडिदेखि खासगरी कन २०१६ सालमा विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्त्री हुँदा खेरी यसलाई केही सम्बोधन गर्ने प्रयास गर्नुभयो। २०२१ सालमा कानुन आयो। त्यसपछाडि पनि विभिन्न सरकारहरूले प्रयास त गरे तर यसमा ठोस काम हुन नसकिरहेको सन्दर्भमा सरकारले यो जुन विधेयक लिएर आएको छ, यो समग्रमा राम्रै कुरा छ। खासगरी कन नेपालको संविधानका विभिन्न धाराहरूमा भूमिसँग सम्बन्धित कुराहरू राखिएको छ। खासगरी कन नेपालको संविधानको धारा ४० को उपधारा ५ मा नेपालका भूमिहीन दलितहरूको लागि एक पटक जग्गा उपलब्ध गराउने भन्ने संवैधानिक प्रावधान राखिएको छ, त्यसलाई पनि कार्यान्वयन गर्ने गरेर खासगरी कन भूमिहीन दलितहरू, सुकुमबासी र अव्यवस्थित बसोबासीहरूको समस्या सम्बोधन गर्ने भनेर यो विधेयक आएको छ। यो वास्तवमा ठिकै छ र यसमा प्रतिनिधिसभाको कृषि समितिमा व्यापक छलफल गरेर कैयौं राम्रा प्रावधानहरू पनि राखिएको छ। खासगरी कृषि र उद्योग गर्नको लागि उद्देश्य राखेर लिएका भूमिहरूलाई

पछाडि यता घरजग्गाको कारोबारमा लैजाने होकी भन्ने डर थियो त्यसमा समितिको प्रतिवेदनले सम्बोधन गरेको छ। खासगरी अव्यवस्थित बसोबासीहरूको सन्दर्भमा नेपालमा यथार्थ तथ्याङ्कहरू नभएको र भूमिको दुरुपयोग हुन सक्ने प्रबल सम्भावनाहरू रहेको हुनाले म सम्माननीय अध्यक्ष महोदय मार्फत सरकारको यसमा गम्भीर ध्यानाकर्षण पनि गराउन चाहन्छु र यसमा विधायन समितिमा व्यापक छलफल गरेर यसलाई अझै समृद्ध बनाउने ठाउँ रहेको हुनाले म सम्माननीय अध्यक्ष महोदयलाई यो विधेयकलाई विधायन समितिमा पठाएर व्यापक छलफल गर्नको लागि पनि अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१६:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य राधेश्याम पासवान।

(१६:५९ बजे) <u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८२ माथि सैद्धान्तिक छलफल गरिरहेका छौं। प्रतिनिधि सभामा पेस भइ छलफल गरी यो राष्ट्रिय सभामा पेस गरिएको छ। अध्यक्ष महोदय, यो ऐनमा छलफल गरिराख्दा यो विधेयक गरिब र सुकुमबासी र दलितको लागि हो कि यो विधेयक व्यापारी र ठेकेदार र बिचौलियाहरूको लागि? यो म मन्त्रीज्यूसँग प्रश्न गर्न चाहन्छु। यो कसको लागि यो विधेयक आएको हो अध्यक्ष महोदय? किनभने यो त भूमि ऐन, २०२१ मै जारी भएको थियो तर यो ऐन अनुसार पहिल्यै देखि भूमि वितरण भएन र अहिलेसम्म काठमाडौंमा भएका भूमिहीनहरू र जसको घरजग्गा छैन, अव्यवस्थित छ उनीहरूलाई यहाँबाट काठमाडौं भगाउने काम गरियो र अहिले जुन यो विधेयक हामी कहाँ आएको छ, यो विधेयक यसरी अध्ययन गर्दाखेरी, यसका उद्देश्य र कारणहरू पढ्दा खेरी यो त नाम दलितको लागि, भूमिहीनको लागि, सुकुमबासीको लागि भनिएको हो तर वास्तवमा यो पढ्दाखेरी यो त ठेकेदारहरूको लागि, यो जमिनदारहरूको लागि यो विधेयक देखिरहेको छ। नत्र भने संविधानको धारा ४० अनुसार अहिलेसम्म कानुन बन्न सकेन, सरकारले कानुन बनाउन सकेन। किनभने एकपटकको लागि दलितहरूलाई जग्गा दिन सक्छौं भनेको हो। जसले कानुन बनाउन सकेन, संविधान बनेकै १० वर्ष बिती सक्यो। अनि उ अहिले आएर यो कानुन बनाएर यो जग्गा दिन्छ त। त्यसकारण यसका उद्देश्य र कारण पढ्दानै यो गलत हो। अध्यक्ष महोदय यहाँ त पढ्दाखेरी सार्वजनिक जग्गा, निजी जग्गा परिणत गरी घर, घडेरी, अपार्टमेन्ट निर्माण गरी कम्पनीलाई बिक्री वितरण गर्ने जिम्मा उल्लेख गरिएको छ। यो कम्पनीलाई

दिएपछि, यो ठेकेदारलाई दिएपछि यो के हुन्छ? गरिबको लागि हुन्छ कि धनीको लागि हुन्छ, अध्यक्ष महोदय। अर्को कुरा घरजग्गा व्यवसायहरू अनुमति लीनको लागि कम्पनीले घरजग्गा कम्पनीमा दर्ता यो गरी वितरण गर्ने हो। यसपछि अर्को, यो विधेयक २०६६ साल २८ गरेको जग्गा निजी बनाइदिने र विशेष जोड सरकारले दिइरहेको छ यसमा। किनभने यो वनको जग्गाहरू जो खाली जग्गाहरू छन् यीनलाई सरकारीकरण गर्ने र यो जग्गा ठेकेदारको मार्फत वितरण गरेर कम्पनीको नाममा दिएर वितरण गर्ने। त्यसकारणले यो जुन अहिले विधेयक ल्याएको छ यो एकदम विषयवस्तुहरू नै गलत छ। त्यै पनि आएको छ। धन्यवाद छ। यो विधायन समितिमा गयो भने व्यापक छलफल हुन्छ, संशोधन हुन्छ र छलफल गरी अब बहस गरी पास गर्न सकिन्छ। धन्यवाद।

(१७:०२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१७:०२ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८२ को सैद्धान्तिक छलफलमा छौं हामी। यो विधेयक प्रतिनिधि सभामा लामो समयसम्म गहन छलफलपछि आज राष्ट्रिय सभामा प्रतिवेदन सहित आएको छ। यो विधेयक संवैधानिक व्यवस्था बमोजिम नै मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यका नीति निर्माणहरू कार्यान्वयनका लागि अपरिहार्य छ। यो विधेयक ढिलै भएपनि प्रतिनिधि सभामा व्यापक छलफलपछि धेरै कुराहरू समेटिएर आएको छ। यसको म हार्दिक स्वागत गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, कुनै पनि कानुनलाई कानुन बनाउनको लागि हामी अल्झेर बस्नुभन्दा यो २०१३ सालमा भूमि सुधार, २०१६ सालमा भूमि व्यवस्थापन र २०२१ सालमा ऐन भनेर यसरी आउँदै गर्दा पनि आजसम्म ठोस कानुन नबनेको हुँदाखेरि यो अलमल्लीएर बसिराखेको छ। सुकुमबासी समस्या, अव्यवस्थित समस्याहरू जहाँको त्यही तीनि अल्झि राखेका छन्। यसलाई टुङ्ग्याउनको लागि पनि हामीले यसलाई अब कानुनी रूपमा मान्यता दिनुपर्दछ। र जस्तो अब २०२९ यो राष्ट्रिय निकुञ्ज, वन ऐन, २०७६। यीनीहरूले गर्दाखेरि विकासका कार्यक्रमहरूमा पनि केही बाधाहरू परेका छन्। यी बाधा अवरोधहरूलाई हटाउनको लागि पनि हामी एउटा कानुनी प्रक्रियाबाट जानु पर्ने भएकोले, यो विधेयकलाई हामी सबै जना बसेर विधायन व्यवस्थापन समितिमा लगऊ, छलफल गरौं, दफावार छलफल गरेर यसको केही निकास निकाल्न सकिन्छ। हामीले विरोधका लागि विरोध गर्‍यौं भने र यसलाई कानुन नै बन्न दिएनौं भने हामी कसरी निकास गर्न सकिन्छ। त्यसकारण

यसलाई निकास दिनको लागी केही राम्रा कुराहरू पनि आएका छन् र केही थपघट गर्नु पर्ने कुराहरू पनि हामी विधायन व्यवस्थापन समितिमा गएर दफावार छलफल गरौं। त्यहाँ सबैको कुराहरू राखौं। आफ्ना आवश्यकताहरू र सबैलाई समेट्ने गरेर सुकुमबासीहरूलाई लालपुर्जा दिनेदेखि लिएर अव्यवस्थित भूमिहरू जसले गर्दाखेरि हाम्रो राजस्व पनि उठ्न सकेको छैन। त्यी कुरालाई सम्बोधन गर्नको लागि पनि यो विधेयक, यो कानुन अत्यन्तै आवश्यकता छ। र हामी सबै जनाको सहमतिबाट यसलाई पास गर्नुपर्छ र यसको लागि विधायन व्यवस्थापन समितिमा लगेर दफावार छलफलको माध्यमबाट हामी यसलाई पास गराउ भन्ने अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१७:०५ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य पुजा चौधरी।

(१७:०५ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>ः- सम्माननीय अध्यक्षज्यू, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक वास्तविक सुकुमबासी र अव्यवस्थित बसोबासीको नाममा जग्गा बाँड्ने भनेर जुन भूमि विधेयकलाई आज राष्ट्रिय सभामा पेस गरिएको छ, त्यस विधेयक समग्र मधेशको हित विपरीत छ। राष्ट्रिय वनजङ्गल अतिक्रमण गरी, फँडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई जग्गा बाँड्ने मनसाय राखी यो विधेयक ल्याएको जस्तो देखिन्छ। तर यहाँ वास्तविक सुकुम्वासी र अव्यवस्थित बसोबासी कति छन्? हाम्रो देशमा त्यसको कुनै पनि तथ्याङ्क सार्वजनिक गरिएको छैन। अव्यवस्थित बसोबासीहरूलाई नियमावली, निर्देशिकाबाट धेरै वितरण गर्न सक्ने सम्भावना पनि धेरै रहेको छ। राष्ट्रिय निकुञ्ज ऐन, २०२९ संशोधन गर्न उपयुक्त छैन किनभने नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता पनि गरेको छ। जस अनुसार जैविक विविधता, जङ्गल, जनावर समेतको संरक्षण गर्नुपर्ने हुँदा राष्ट्रिय निकुञ्जले देशको पर्यटन प्रवर्धनमा ठूलो भूमिका खेलेको हुनाले राष्ट्रिय निकुञ्जको जग्गा सुकुमबासीहरूलाई विवरण गर्न जरुरी भएपनि, संशोधन गर्न जरुरी छ। त्यसैले त्यसलाई ल्याउनु भन्दा पहिले पुनर्लेखन गर्न जरुरी छ र वास्तविक सुकुमबासी पहिचान गरी आवास सहितको जग्गा वितरण गर्नुपर्ने जरुरी देखिन्छ। धन्यवाद।

(१७:०७ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१७:०७ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट नोट अफ डिसीजन सहित विवादित भएर राष्ट्रिय सभामा आई पुगेको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको यो विधेयकको सैद्धान्तिक अवधारणामा कुरा गर्दै गर्दा यहाँ जमिनको व्यवस्थापन गर्ने, भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, सुकुमबासीलाई जग्गा उपलब्ध गराउने भन्ने कुरा आफैमा सिद्धान्ततः बेठीक कुरा होइन। उत्पादन र उत्पादकत्वको वृद्धि, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, ग्रामीण तथा सहरी व्यवस्थित बसोबासको लागि जमिनको वैज्ञानिक व्यवस्थापन गर्न आएको यो विधेयकको सिद्धान्तः अन्तरवस्तुमा प्रवेश गर्दा विधेयकको दफा १२ को 'ज' मा रहेको सूचित आदेशद्वारा तोकिएको सर्तको अधीनमा रही, सोही आदेशमा तोकिएको हदसम्मको जग्गा सम्बन्धी प्रावधानले जमिन जस्तो संवेदनशील र जनताको प्रत्यक्ष सरोकार राख्ने सवालमा विधायीकी अधिकार संकुचित गरी हदबन्दी छुट जस्तो विवादित विषय कार्यकारिणी अधिकार मार्फत गलत प्रयोग हुने स्पष्ट देखिन्छ। यो विधेयकमा मूल ऐनको हदबन्दी सम्बन्धी व्यवस्था, खाद्य सुरक्षा उत्पादन र उत्पादकत्वको वृद्धि, रोजगारी सृजना जस्ता संस्थागत प्रयोजनको व्यवस्थालाई हटाएर विधेयकमा मूल उद्देश्यलाई खण्डित हुने गरी दायित्व भुक्तानी फरफारकको नाममा जग्गा सट्टापट्टा, घडेरीकरण जस्ता बेच-बिखन गर्ने निश्चित भू-माफिया र बिचौलिया वर्गलाई लाभ हुने निश्चित छलछाम यसमा प्रष्टै देखिन्छ। यो विधेयकको दफा १२ को ज १ भित्रका सबै प्रावधानहरूमा सहमति हुन सक्ने स्थिति छैन। विधेयकको दफा ५२ ग को उपदफा ३ मा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा राजस्व निर्धारण सम्बन्धी हाल रहेको ७ वटा आधारहरू मध्ये ऐनबाट आर्थिक अवस्था, बसोबासको स्थिति स्थिति जस्ता महत्वपूर्ण आधारहरू हटाएको छ। यो प्रावधानले सहरी क्षेत्र, राजमार्गहरू, व्यापार व्यवसायको क्षेत्रमा जग्गा आमुक-तामुक गरिराखेको आर्थिक रूपले सम्पन्न परिवारलाई कम राजस्वमै जग्गा दर्ता गर्ने छुट दिन्छ। सरकारले प्राप्त गर्ने राजस्व घट्छ। सामाजिक न्यायमा दखल पर्छ। आर्थिक अपचलन र नीतिगत भ्रष्टाचारलाई प्रोत्साहन गर्दछ। संविधानको आसय यो होइन की भूमिहीन दलित सुकुमबासीलाई न्यायपूर्ण पुनर्व्यवस्थापन र भूमि सुधार सुनिश्चित गर्ने उद्देश्यको सट्टा भूमिको व्यवसायीकरण गरी सीमित वर्गको स्वार्थ संरक्षण गर्नु। भूमि वितरणको न्यायिक र समावेशी पहुँच कमजोर पार्नु, पर्यावरणीय सन्तुलन बिगार्नु, हदभन्दा बढी जग्गा बिक्री गर्न पाउने गरी गिरीबन्धु टी स्टेट जस्ता व्यवसायीलाई सक्षम तथा नीतिगत भ्रष्टाचार गर्ने बिचौलिया (......समय सकिएको)।

(१७:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१७:१० बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, भूमि सम्बन्धी केही नेपाल ऐनले संशोधन गर्न बनेको विधेयक, २०८२ प्रतिनिधि सभा अन्तर्गतको कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा व्यापक भयको छ र बहुमतबाट पारित गरी राष्ट्रिय सभा प्रवेश गरेको छ। यो संशोधन गर्ने विधेयक भएकोले होला सायद छोटोमा लेखिएको छ। यस विधेयकले ३ वटा ऐनहरूको १२ वटा दफा तथा उपदफाहरूमा संशोधन गरेको देखिन्छ। सार्वजनिक जग्गालाई निजी जग्गामा परिणत गरि घडेरी र Apartment निर्माण गरि विक्री वितरण गर्नको लागि वैधानिकता प्रदान गर्न भूमिहीन दलित सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा प्रदान गर्ने भनेको देखिन्छ। उत्पादन र उत्पादकत्व वृद्धि गर्ने भनिएको छ तर खेती योग्य जमिनमा प्लटिङको योजना बनाइँदैछ। दलितको हकको कार्यान्वयन भनिएको छ। यो राम्रो कुरा हो तर दलित अधिकार र विकासका विधेयकहरू आउँदैनन्, ऐनहरू बन्दैनन्। अहिलेसम्म सरकारले ऐन ल्याउँदैन। तर जग्गाको चोक्टो देखाउने बाहानका गरिरहेको छ। प्रत्येक किसानलाई भूमिमा पहुँच पुर्याउने भनिएको छ तर किसानलाई होइन भू-माफियालाई जमिन सुम्पिदैं छ। २०६६ साल माघ २८ अगावै आबाद कमोत गरेको जग्गा निजी बनाइ दिनेमा विशेष जोड दिएको पाइन्छ तर २०६६ माघ २८ अगाडि मात्रैलाई किन जोड दिएको छ सरकारले यो अध्ययनको विषय बन्नु पर्छ र अध्ययन गर्नु पर्ने भएको छ। अर्को तिर अव्यवस्थित बसोबासीको व्यवस्थित बसोबासमा पनि विशेष जोड दिएको देखिन्छ। अव्यवस्थित बसोबासीहरू भूमिहीन होइनन्। बरु भूमाफिया हुन सक्छन्। सार्वजनिक जग्गा कब्जा गरेर धन्दा चलाउनेहरू हुन। यीनै जग्गा कब्जा बासीहरू अथवा कब्जा बादीहरू प्रति सरकारमा यत्रो दया जाग्नको कारण के हो? शङ्का उब्जिएको छ। जम्मै विधेयक भूमिहीन दलित , सुकुम्वासी, अव्यवस्थित बसोबासी कै नाममा रङ्गिएको छ तर विशेष आन्तरिक व्यवस्था अर्कै तर्फको रजगज कायम गर्ने देखिन्छ। सरकारी मूल्यको १० प्रतिशत मूल्य तिरेपछि सार्वजनिक जग्गा र सम्पत्ति शुद्धीकरणमा परेका जग्गाहरू चोखाएर उसैलाई सुम्पने प्रपञ्च रचेको देखिन्छ। यस्तै फेरी पनि यस्तै प्रकारका प्रकरणमा जग्गाहरूलाई सुनपानी प्रकारका दफाहरू पनि रहेको देखिन्छ। यस विधेयकमा थप व्यापक छलफलको आवश्यकता देखिन्छ। व्यापक छलफलबाट थप समृद्ध गर्नुपर्ने भएकोले यो

विधेयक विधायन व्यवस्थापन समितिमा पठाइयोस भन्ने म अनुरोध गर्न चाहन्छु र मेरो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१७:१३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई छलफलमा उठेका प्रश्नहरूको जबाफ दिन समय उपलब्ध गराउँछु।

(१७:१४ बजे) **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारीः**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, अहिले हामी भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयक, २०८२ को सैद्धान्तिक पक्षमा छलफल गरि रहेका छौं। माननीय सदस्यहरूले विधेयकसँग सम्बन्धित रहेर आफूलाई लाएका, आफूले सोचेका, आफूले भोगेका, आफूले देखेका कतिपय कुराहरू उठाउनु भएको छ। उठाएका प्रसङ्गहरूले साँच्चै विधेयकको मर्म भावनालाई छुन्छ की छुन्न?, छोएको छ कि छैन? या विधेयकमा राखिएका आएका कुराहरू हाम्रो भनाइमा परेकी परेनन? अथवा त्यो सन्दर्भ जोडिन्छ कि जोडिन्न?। यस विषयमा विचार गर्ने विश्लेषण गर्ने यहाँ माननीयज्यूहरू नै हुनुहुन्छ। मैले त्यता तिर जान पर्दैन जस्तो लाग्छ। हामी यो विषयमा छलफलकै निम्ति यहाँ सरकारले प्रस्तुत गरेको छ। माननीयहरूले आफ्नो विचारहरू राख्नु भएको छ। अझै राख्न सकिन्छ। छलफल होला।यो संशोधनको टाइम पनि छ। म २/३ वटा कुराहरू अलिकति राख्न चाहन्छु। विगतमा हामी छलफल गर्दा विभिन्न प्रसङ्गमा उत्तर दिंदाखेरि पनि मैले केही-केही कुराहरू राखेको पनि थिए।

आज पनि म केही प्रसङ्गहरू थोरै कोट्याउन चाहन्छु। यहाँ विश्लेषण हुँदाखेरि प्रतिनिधि सभा र राष्ट्रिय सभा तुलना गर्दा राष्ट्रिय सभा परिपक्व, व्यवस्थित र व्यवहारिक र अनुभवी छ भन्ने बाहिर सन्देश पनि छ र हामीले त्यो बुझ्नु पर्छ र बुझेका पनि छौं। तर म यहाँ विधेयक सम्बन्धी यस्तो कुराहरू यहाँहरूले राख्दाखेरि कता-कता के छायो भने विधेयक राम्रोसँग हेरिएन चकी या अरूको भनाइको पछि लागियो कि भन्ने पनि मलाई अनुभूति भयो। किन भयो भन्नुहोला भने कतिपय

माननीयज्यूहरूले विधेयकमा हुँदै नभएका कुराहरू प्रस्तुत गर्नु भएको छ। त्यसले के हुन्छ भने विषय एकातिर छ अनि प्रसङ्ग अर्को तिर गयो भने छलफलमा र वास्तविक कुरोमा टुङ्गोमा आउन सक्दैन र वास्तविक कुरोलाई निर्णयार्थ पुऱ्याउन सकिन्न। त्यस कारण विधेयकमा नै केन्द्रित भएर माननीयज्यूहरूले बोल्दिन, संशोधन हालिँदिन र व्यापक छलफल गर्न पनि अनुरोध गर्न चाहन्छु। व्यापक छलफल गर्ने भन्ने भनिँदैन र गरेर ल्याउनु पर्छ। १/२ वटा विषय मैले यहाँ हेरे माननीयज्यूहरूले राखेको। के भनियो यहाँ भनेर भन्नुहोला भने देखि यसो यता हेर्दै जाँदा पहिलो कुरा भनेको। अहिलेको जग्गाको वर्गीकरणको अधिकार कसले गरेको छ। कसले गर्छ? र भूमिहीन दलित, सुकुम्वासीको र अव्यवस्थित कति छन् भनेर कसले छुट्याउछ भन्ने विषयमा पनि हामीले अलिकति ख्याल गरेका रहन्छौं जस्तो पनि लाग्यो। अहिले जग्गाको वर्गीकरणको पाटो स्थानीय तहले नै गर्छ। त्यहाँ कति भूमिहीन छन्? कति दलित छन्? कति अव्यवस्थित छन्? त्यो पनि स्थानीय तहले नै गर्ने हो। स्थानीय तहको पनि प्रत्येक वडा वडाले गर्ने हो। अहिले सम्म मैले एक पटक बोले जस्तै लाग्छ। ७५३ पालिकामा ७५० पालिकाले आयोगसँग भूमि सम्बन्धी समस्या समाधान आयोगसँग सम्झौता गरिसकेको छ। ती तल प्रक्रियागत रूपमा छानबिन गर्ने सवालमा। त्यसमा त्यो पालिका मात्र हुँदैन। प्रत्येक राजनीतिक दलका सदस्यहरूको सहजीकरण समिति पनि छ। त्यहाँ सबै पार्टीका त्यो जिल्लामा तथा त्यो पालिकामा त्यो वडामा उपस्थित पालिकाका सबै राजनीतिक दलका व्यक्तिहरू पनि सहजीकरण समितिमा हुनुहुन्छ। अनि उहाँहरू सबैले यसलाई गलत बाटो लानुहुन्छ भनेर हामीले प्रश्न गर्ने हो कि होइन यहाँ अलिकति ख्याल गर्नु पर्छ जस्तो लाग्छ। अर्को कुरा हामीले पटक-पटक भनेका छौं।

अहिले ७५० मध्ये अब १०० पालिकाले मात्रै छानबिन गरेको अथवा वर्गीकरण गरेको रिपोर्ट पेस गर्न बाँकी छ। अरू सबैले गरिसकेको छ। अहिले सम्मको तथ्याङ्क अनुसार ११ लाख भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको र अव्यवस्थित गरेर ११ लाख जति सेरोफेरो छ। हाम्रो अनुमान सबै पालिकाको आउँदाखेरि करिब-करिब १५ लाख पुग्छ भन्ने नै छ। यो माथिबाट तथ्य सङ्कलन गर्नु भन्दा पनि तलबाट आउने भएको हुनाले अहिलेको आयोगले सबै फर्म भराउने समय पनि किटान गरेर दिएको छ। अनि त्यसलाई भरेर ल्याउने समय पनि किटान गरेर दिएको छ। उहाँहरूले रेकर्ड पठाउने पनि छ। पछि आएको काम पनि ८० प्रतिशत स्थानीय पालिकाले गर्ने हो। त्यसको सूचना निकाल्ने, त्यसको नाम नक्सा गर्ने, अनि छुट्टाउने। त्यो सबै तलबाट गरेर प्रमाणित गरेर पठाएपछि त्यो सहजीकरण समिति अनि पालिका ती सबैले प्रमाणित गरेर पठाएपछि बल्ल आयोगले हेर्ने हो। यो

कुरालाई पहिले यहाँहरूले बुझ्दिन जरुरत छ भन्न मलाई लाग्छ। अर्को कुरा के छ भने। यहाँ केही-केही माननीयहरूले यो तराईमा समस्या उत्पन्न गरेर यो बन मासेर वातावरण खैलाबैला पार्ने हो भनेर पनि भन्नु भयो। म यहाँहरूलाई के अनुरोध गर्न चाहन्छु भने अब नया ठाउँमा दिने भनेर यो विधेयकले कहाँ भनेको छ? पहिले यहाँहरूले त्यसरी बुझ्दिन पऱ्यो। नया ठाउँमा कहि जग्गा दिने भनेर कहि भनेको छ? आजसम्म बसोबास गरि आएका, अघि एकजना माननीयले भन्नु भयो, यो ६६ साललाई किन केन्द्रित गरियो? हाम्रो ऐनले ६६ साल माघ २८ भन्दा उता बसेकालाई भनेर ऐनले भनेको छ। त्यही ऐनलाई हामीले टेकेको छ। त्यस कारण त्यहाँ भन्दा उता भन्दै एउटा आधार लिएको हो। त्यहाँ भन्दा यताकोले नपाउने भनेको हो। कहि नया मान्छेले आउँछ लेखाउछन, भूमाफियाले पाउँछ भन्ने प्रश्न यहाँहरूले तर्साउनु भएको छ नि त्यसैलाई रोक्नका निम्ति त्यो आधार ल्याइएको हो। त्यहाँ भन्दा उता भनेको हो। हामीले अहिले ल्याउँदाखेरि अव्यवस्थित र भूमिहीन दलित र सुकुम्वासीहरूको पनि फरकता छ। भूमिहीन दलित र सुकुम्वासीलाई बसोबास गरेको ठाउँ खतरा जन्य छ। या त्यस्तो बाढी पहिरो लाग्ने खालको छ भन उहाँहरूलाई अन्यत्र पनि लान सकिन्छ। अन्यत्र सामूहिक रूपमा व्यवस्थापन गर्न सकिन्छ। यो आयोगले गर्न सक्छ। तर अव्यवस्थितको हकमा सक्दैन।

अघि एकजना माननीयले अव्यवस्थितलाई अन्यत्र लाने भनेर पनि बोल्नु भएको छ त्यस्तो होइन। अव्यवस्थितलाई जहाँ हो त्यहीँ दिने हो। यदि त्यहाँ ठिक छैन भने उहाँले पाउनु हुन्न। किन भने अव्यवस्थित भनेको अन्यत्र पनि कहि केही घरबास भएको या जग्गा भएको अर्थमा हो। तर हाम्रो अहिलेको अवस्था त्यस्तो मात्रै छैन। जो जिन्दगी भरी खेत कमाएको छ बसेको छ। दुई तीन बिघा जोतेको छ तर उसको नामा एक धुर जमिन देशको कुनै काप्चा छैन। उ पनि अव्यवस्थितमा गनिन्छ। गनिएको छ हाम्रो परिभाषाले यहाँ। त्यस कारण अव्यवस्थित २/३ प्रकारका छन्। एउटा कहि अलिकति जग्गा भएर, ऐलानी जोतेको ,अथवा प्रति जोतेको , घरबास बनाएर बसेको पनि त्यस्तो पनि छ। अर्को चाहिँ परम्परादेखि त्यही बसेको छ तर उसको नाममा केही पनि छैन जग्गा जमिन छैन यस्तो पनि छ। यो किन यस्तो भए होला भन्दाखेरि अहिले विधेयकमा हामीले केही-केही कुराहरू संशोधन गरेर ल्याएको हो। यो विधेयकमा जम्माजम्मी ४ वटा बुँदामा संशोधन भएको छ। एउटा १२ (६) , एउटा ५२ (क), (ख), (ग) अर्को वन ऐन २०७६ र राष्ट्रिय निकुञ्ज ऐन २०२९ का एउटा-एउटा बुँदा संशोधन गरेका छौं। अब यहाँ बोल्दा फेरी अघि एउटा कुरा आयो। राष्ट्रिय निकुञ्ज भित्रको कुरो यहाँ यो विधेयकले कहि कतै गरेको छैन। मध्यवर्ती एरिया भनेको छ। मध्यवर्ती भनेको राष्ट्रिय

निकुञ्ज भन्दा बाहिरको क्षेत्र। अहिले त्यहाँ बस्ती नै छ। त्यहाँ नम्बरी जग्गै छ।केही-केही त्यही नम्बरी भित्र ऐलानी प्रति भएको घरहरू बनाएर बसेका व्यक्तिहरू हुनुहुन्छ। त्यो बस्ती सरकारले नहटाउने, हटाउन मिल्दैन पनि भन्ने अनि त्यहाँ भित्र कहि नम्बरी वस्ति छ।केहीको ऐलानी प्रति छ। उहाँहरूको नामा जग्गा दर्ता भएको छैन। कतिपयको हिजो नागरिकता नभएको हुनाले भएको छैन। कतिपय यहाँ नहुनु भएकोले भएको छैन। कतिपयले राजस्व बुझाउन नसकेको कारणले पनि भएको छैन। हो तिनिहरूलाई दिने भनिएको हो।राष्ट्रिय निकुञ्ज भित्र गएर दिने भनिएको होइन। जहाँसम्म वनको कुरा गर्नु भयो वन क्षेत्रको सवालमा नक्सामा वन लेखिएको छ। हिजो नाप नक्सा गर्दाखेरि अहिलेसम्म वनले हाम्रो Area यति हाम्रो नक्सा यो भनेर छुट्याएको अवस्था छैन। भूमि व्यवस्था अन्तर्गत नाप नक्सा गर्दा २१ सालबाट नापि सुरु भयो। त्यो नापि सुरु हुँदाखेरि नाप नक्सा त्यति वेला आवादी जति थियो। कमोत जति गरिएको थियो। त्यतिलाई मात्र नापे। त्यसमा पनि गुचुपुच्च बस्ती भएका बस्तीहरूलाई नापेनन्, ती बस्ती अहिलेसम्म लालपुर्जा छैन। तिनलाई गाउँ बल्क भनिन्छ कतिपय ठाउँहरूमा, कतिपय ठाउँहरूमा बालबिटौरी भनिन्छ। कतिपय ठाउँमा जिरायत भनिन्छ। कतिपय ठाउँमा नुन थर भनिन्छ।यस्ता धेरै नामहरू छन्। जो हाम्रो देशमा बस्ती विकास हुँदाखेरि बसेका बस्तीहरू हुन तर उहाँहरूको नाममा जग्गा छैन। त्यसैलाई फुकाउनको निम्ति यो काम , यो संशोधन हालेको हो।

जहाँसम्म बनको क्षेत्र, वनमा पनि हामीले नया ठाउँ दिने भनेको छैन। वन फाँडेर पनि दिने भनेको छैन। यहाँ पढ्नुहोला राम्रोसँग यदि आबाद कमोत भएर बस्ती विकास भएको बाहेकको ठाउँमा यदि ऐलानी, प्रति र खालि ठाउँ छ भने त्यो पनि वन नै कायम गर्ने भनेर राखेका छौं। त्यो पनि वनमै कायम गर्ने भनेका छौं। तर आबाद कमोत भएर बस्ती विकास भएको ठाउँ जो पुस्तौं देखि, धेरै वर्षदेखि, १८ सालमा बसेका छन्, २४ सालमा बसेका छन्, २७ सालमा बसेका छन्, ३० सालमा बसेका छन्, ३४ सालमा बसेका छन्, ३६ सालमा बसेका छन् तर त्यो ठाउँ कस्तो लेखिएको छ भने वन लेखिएको छ। सरकारले बाढी पीडित लाग्यो, अनि त्यो बाढी पीडितको बस्तीलाई कहिँ लगेर राखेको छ।त्यति मात्र होइन पहिला सरकारले धेरै पहिला सिमाना सुरक्षाको निम्ति राखेको छ। म एउटै मात्र उदाहरण दिन्छु यहाँहरूलाई ठोरी, पर्साको ठोरी। त्यो सिमाना सुरक्षाको निम्ति मकवानपुरका तामाङ जातिहरूलाई लगेर राखिएको रहेछ १९ सालमा। अहिलेसम्म उहाँहरूको नाममा जग्गा छैन। के छ त्यसमा के लेखि रहेको रहेछ भने वन। अहिले सम्म वन। अहिले सम्म पाउनु भएको छैन। अब उहाँहरूलाई जग्गा दिंदा उहाँहरूले विचरा ३ बिघा ४ बिघा पनि कहि जति जोत्नु

भयो त्यति वेला सरकारले ३ बिघा पनि दियो। अर्को यहीं हेटौंडा राप्ती किनारको चितवनको पूर्वी बेल्टबाट पश्चिम जगतपुर लगेर राखिएको रहेछ। २/२ बिघाका दरले त्यहाँ जग्गा दिएको रहेछ ३६ सालमा अहिले सम्म लालपुर्जा छैन। किन छैन भन्दा वन लेखिएको छ त्यसमा। वन त छैन तर नक्सामा लेखिएको छ। यस्ता कुराहरूलाई फुकाउनको निम्ति कि त हामीले ती बस्तीहरू टोटल हटाउन सक्न पर्‍यो। सरकारले सुविधा दिएको छ।बाटो दिएको छ। पानी दिएको छ। विद्युत दिएको छ। अनि स्कूल बनाइ दिएको छ। त्यहीँबाट नागरिकता बनाएको छ मान्छेले।जन्म दर्ता त्यही गरेको छ अनि भोटर लिस्टमा नाम त्यहीबाट छ।सबै त्यहीँबाट छ अनि त्यो वन हो भनेर दन्नम भन्न हामीले मिल्छ कि मिल्दैन। हरेक राजनीतिक दलहरू, तपाई हामी दलबाटै प्रतिनिधित्व गरेर आएका छौं। हामी सबैले उहाँहरूको वस्तिमा जाने हो भने तपाईहरूलाई लालपुर्जा दिन्छौं भनेर भनेका छौं।अघि एकजना माननीयले घोषणा पत्रमा सबै दलले राखेका छौं भन्नु भएको थियो। त्यसो भएको हुनाले म के अनुरोध गर्दछु भने सबै माननीयज्यूहरूलाई विधेयकमा भएका कुरा र यथार्थ कुरालाई मात्र हामीले उजागर गर्‍यौं भने देखि यसले अलि परिपक्व हुन सजिलो हुन्छ एउटा। अर्को भने वास्तविक आधारमा हामी अहिले कतापट्टि छौं भनेर होइन। सत्तामा छौं कि विपक्षमा छौं भनेर पनि होइन।मैले एक पटक यहाँ बोल्दा बोले जस्तो लाग्छ। नभए मैले प्रतिनिधि सभामा २ पटक पनि बोले।

म दुईवटा सरकारको भूमि व्यवस्था मन्त्री भए सरकारसँग।अघिल्लो सरकारमा हुँदा पनि यो ऐन ल्याउनु पर्छ भन्नु भएको थियो। यो ल्याएर भूमि समस्या समाधान गर्नु पर्छ भनेर भन्नु भएको थियो। आयोग त पहिले पनि बनेका थिए नि।किन काम हुन सकेन? यही बाधाले हुन सकेन। ९० प्रतिशत मान्छे वन लेखेको ठाउँमा, गौ चरण लेखेको ठाउँमा, अघि नै मैले भने जिरायत लेखेको ठाउँमा, यस्तै ठाउँमा लेखेको ठाउँमा, नदी उकास लेखेको ठाउँमा। बस्ती त्यहीं छ। खेती गरेर बसेको छ।तर कानुनमा पुग्दैन। आयोग मात्रै बनाएको छ। अनि दिन सक्दैन। आयोगले दिन सक्दैन। त्यस कारणले यसलाई फुकाउ भनेर भने कै हो। त्यस कारण यो ल्याएको हो। यहाँहरूले त्यसरी बुझ्दिनु हुनेछ भन्ने मलाई लाग्छ। यसरी हामीले सबै कुराहरू तथ्य परक ढङ्गबाट गयौ भने पक्कै पनि समाधान हुन्छ। अब वन भनेका जग्गाहरू मैले एउटा अस्ति भर्खर पनि एउटा निर्णय गरियो हामीले त्यो अल्लि विशेष समिति बनाएर पहिले काम भएको रहेछ।त्यही समितिलाई निरन्तर दिने गरि। राजाको पालामा महारानीले झापाको एउटा महारानी झौडा भन्ने ठाउँ रहेछ गौरा दह नगरपालिकामा। १८ सालमा फाँडेर बस्नु भनेर त्यो बस्ती बसेको रहेछ। ४५ सय घर छ त्यहाँ।तर अहिलेसम्म लालपुर्जा छैन।किन वन छ नक्सामा। त्यो पहिले एउटा विशेष समिति बनेको रहेछ।

त्यो विशेष समितिले केही नाप जाँच पनि गरेर २/४ जनालाई लालपुर्जा पनि बनाएको रहेछ। अनि त्यो विशेष समितिको अवधि सकिएछ। त्यत्तिकै रहेको रहै अहिले सम्म।यतिका वर्ष रह्यो। अहिले त्यही विशेष समिति जगाएर हामीले त्यहाँ नाप जाँच गरिरहेका छौ। सायद हाम्रो माननीय कृष्ण सिटौलाज्यूको नजिकै पर्छ।एउटै जिल्ला पऱ्यो सबै थाहा छ उहाँलाई। थाहा छ जस्तो लाग्छ। अहिले त्यसको नाप जाँच भएर २८ सय लालपुर्जा बनी सकेको अवस्था छ। अरू १ वर्ष भित्रमा सक्ने गरि सक्ने गरि हामीले गरेका छौ। त्यसो भएको हुनाले हामी , मैले अघि सरकारको कुरो गरे। जुन सुकै सरकार रहँदा पनि यो नल्याउने भनिँदैन। मैले पहिला ३ महिनामा मन्त्री हुँदाखेरि पनि यो ड्राफ्ट गरेको थिए। ड्राफ्ट गर्दै थिए। यसरी कसरी फुकाउने भनेर त्यति बेला तत्कालीन प्रधानमन्त्रीले पनि भन्नु भएको थियो।र मैले केही उपायहरू ल्याउँछु भनेर मैले त्यो ड्राफ्टको , ड्राफ्ट त गरिसकेको थिएन।खेस्रा अलि-अलि बुँदाहरू लगेर उहाँलाई मैले बताएको थिए। एकदम राम्रो ल्याउनु भयो, ल्याउने भन्नु भयो।मैले त्यही अनुसार ड्राफ्ट गरे।तर म त्यति वेला ३ महिनामात्र रहे। सरकारबाट बिदा भइयो हामी। निस्कियो। अनि त्यसपछि त्यो बन्द भयो।त्यहीँ विधेयक त्यही बुँदाहरू अहिले मैले ल्याएर आएको छु।

अब, त्यति बेला हुने अहिले नहुने भन्ने त हुँदैन होला।त्यसो भएको हुनाले हामी तथ्य परक ढङ्गबाट अगाडि बढौं। बढियो भने देखि अब यो सुकुम्वासीलाई दिइँदैन भन्ने पनि होइन। सुकुम्वासी कै निम्ति आएको हो। यहाँ एउटा कुरा अघि कोट्याउनु भयो। गिरी बन्धु Tea State को निम्ति यहाँ ल्याइएको छ। कहाँ छ गिरी बन्धु एक ठाउँमा देखाइ दिनुहोस् त बोल्ने माननीयले? गिरी बन्धु भन्ने देखाउनुहोस् त यहाँ अनि बल्ल त्यसको जबाफसवाल गर्न सजिलो हुन्छ होलानी।त्यत्तिकै हावाको भरमा हामी हिँडेर त भएन। कृषि क्षेत्रमा ल्याएको अथवा Tea State मा ल्याएको वा कुनै एउटा उद्देश्यको निम्ति ल्याएको , लिएको जग्गा छ , स्वीकृत लिएको छ भने अर्को उद्देश्यको निम्ति पाइँदैन भनेर हामी किटान साथ यही विधेयकमा भनेका छौं। किटानसाथ भनेका छौं। अनि अर्को कुरा के छ भन्नुहोला भने देखि जहाँसम्म Housing को प्रयोजनको कुरा गर्नु भयो।Housing कुनै प्रति जग्गा दिने होइन।Housing अथवा Apartment कुनै प्रति जग्गामा बनाउने पनि होइन। सरकारले जग्गा दिएर बनाउने पनि होइन त्यो पनि बुझिदिन पऱ्यो यहाँहरूले। उहाँहरूले जग्गा किन्ने हो।सरकारले दिएको अनुमति अनुसार उहाँहरूले जग्गा किन्ने हो। पहिले कानुन बनेको रहेछ। यो नेपाल ऐन संशोधन गर्दाखेरि लगानी सम्मेलनको बेलामा। त्यति बेला उहाँहरूलाई किन्न दिने पनि भनियो।बनाउन दिने पनि भनियो। किन्न दिने , बनाउन दिने भने सि त्यो बेच्न दिने भन्ने अर्थमा नै हो।तर बेच्ने भन्ने शब्द

रहेनछ।बेच्ने भन्ने नभए पछि कसैले पनि यो कहाँ छ यहाँ बेच्ने भन्या छैन भनेर रोक्या रहेछ। हामीले अहिले ल्याएको के हो भन्नु होला भने सरकारले मान्यता दिएको सूचित आदेशको कुरा अघि आएको थियो। हाम्रो ऐन पल्टाएर हेर्नुहोस् १०/१२ ठाउँमा सूचित आदेश छ। त्यही सूचित आदेश अनुसार गर्ने भने कै छ। त्यही शब्द हटाउन मिल्दैन त्यो राख्नै पर्छ भनेर हामीले सूचित आदेश भन्ने शब्द राखेको हो र। सूचित अनुसार , तोकिएको आदेश अनुसार भनेको छ। त्यसमा कति तोकेको छ भनेर भन्नुहोला भने काठमाडौंमा ३० रोपनी, पहाडमा १०० रोपनी, तराईमा २० बिघा। त्यसमा सरकारले अनुमति दिएर सहर विकास गर्नको निम्ति अथवा त्यसलाई व्यवस्थित बस्ती विकास गर्न पाउने भनेर स्वीकृत दिएको छ। त्यसैलाई जब किन्न दियो , बनाउन दियो भने बेच्न दिने भनेको हो।यो यहाँ कुनै ऐलानी प्रति बाँडेर उहाँहरूलाई दिने भनेकै होइन।

तराईकाको हकमा धेरै कुराहरू ल्याउनु भयो वातावरणीय सन्तुलनको हिसाबले भन्न हुन्छ भने प्रत्येक वर्ष जङ्गल फाँड्दै बस्दै जाँदाखेरि वातावरण असन्तुलन नहुने। बसेको मान्छेलाई दिने अबदेखि जङ्गल फाँड्न पनि नपाइने, चउरमा कमाउन पनि नपाइने, मिचेर बस्न पनि नपाइने भनेर ल्याउँदा खरि अनि वातावरण खलबल हुने हुन्छ। त्यस्तो पनि हुन्छ पनि कहि? त्यसो भएको हुनाले माननीयज्यूहरूलाई म के अनुरोध गर्न चाहन्छु भने हरेक कुराहरू हामी सकारात्मक कोणबाट सोचौं।सकारात्मक कोणबाट छलफल गरौं।अरूको, अरूले भनेको भरमा होइन। हाम्रो आवश्यकता के हो अहिलेको। हामीले कुन उद्देश्यबाट परिवर्तन गरेर आयौं र जनताले के भनेर आएका छौं त्यो कुराको मर्मलाई बुझौं। आवश्यकता परिपूर्ति गर्नको निम्ति र समस्या समाधान गर्नको निम्ति तपाई हामीले नीति बनाउने हो। तपाई हामीले कानुन बनाउने हो र समस्या समाधान गर्ने हो। को कहाँ के छ भन्ने आधारमा होइन। आवश्यकताको आधारमा हामी अगाडि जाने हो। त्यस कुरामा माननीयज्यूहरूको ध्यानाकर्षण हुने छ भन्ने कुरा राख्न चाहन्छु। र यहाँहरूले संशोधनको Time हुन्छ नै त्यो संशोधनको Time मा आफूलाई लाएका कुराहरू संशोधन राख्नु हुनेछ। त्यति वेला व्यापक छलफल गरौला भन्ने कुरा राख्दै मेरा कुरा अन्त्य गर्छु धन्यवाद।

(१७:३३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १० मिनेट पछि बस्ने गरि यो बैठक यहीँ स्थगन हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल भदौ १७ गते मङ्गलवार अपराह्न ५ बजेर ४५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगितः १७:३४ बजे।